निस्दी गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड : ०९ संख्या :०४ मिति : २०८२/०९/२५

## भाग-२

निस्दी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

मित्याल, पाल्पा

लुम्बिनी प्रदेश, नेपाल

# निस्दी गाउँपालिका कर्मचारी कल्याण कोष सञ्चालन कार्यविधि, २०८२

कार्यपालिका बैठकबाट पारित मितिः २०८२।०९।२५

## प्रस्तावनाः

निस्दी गाउँपालिकामा कार्यरत कर्मचारीहरूको निवृत्तिभरण पछि पाउने सेवा सुविधा तथा सेवा अवधिमा आइपर्ने विभिन्न जोखिमलाई न्यूनीकरण गर्न, स्वास्थ्य उपचारमा सघाउ पुऱ्याउन, दुर्घटना भएको अवस्थामा राहत उपलब्ध गराउन र कर्मचारीहरूको मनोबल उच्च राखी कार्यसम्पादनमा प्रभावकारिता ल्याउनका लागि एक "कर्मचारी कल्याण कोष" स्थापना गरी सोको सञ्चालन व्यवस्थित गर्न वाञ्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को अधिकार प्रयोग गरी निस्दी गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

## परिच्छेद-१: प्रारम्भिक

### १. संक्षिप्त नाम र प्रारम्भः

(क) यस कार्यविधिको नाम "निस्दी गाउँपालिका कर्मचारी कल्याण कोष (सञ्चालन) कार्यविधि, २०८२" रहनेछ।

(ख) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

### २. परिभाषाः

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "गाउँपालिका" भन्नाले निस्दी गाउँपालिका सम्झनु पर्छ।

(ख) "कार्यपालिका" भन्नाले निस्दी गाउँ कार्यपालिका सम्झनु पर्छ।

(ग) "कोष" भन्नाले यस कार्यविधि बमोजिम स्थापना भएको कर्मचारी कल्याण कोष सम्झनु पर्छ।

(घ) "कर्मचारी" भन्नाले स्थानीय सेवाका स्थायी कर्मचारी, समायोजन भई आएका कर्मचारी, र गाउँपालिकामा कार्यरत करार कर्मचारी (प्राविधिक तथा प्रशासनिक) सम्झनु पर्छ।

(ङ) "जनप्रतिनिधि" भन्नाले गाउँपालिकाका पदाधिकारी तथा सदस्यहरू सम्झनु पर्छ।

पूर्ण बहादुर चितौरे
प्रमुख प्रशासकीय अधिकृत

## परिच्छेद-२: कोषको स्थापना र स्रोत व्यवस्थापन

**३. कोषको स्थापना:**

गाउँपालिकाले एक "निस्दी गाउँपालिका कर्मचारी कल्याण कोष" स्थापना गर्नेछ।

**४. कोषको स्रोत:**

कोषमा देहाय बमोजिमका रकमहरू रहनेछन्:

(क) हाल कर्मचारी कल्याण कोषमा रहेको रकम ।

(ख) गाउँपालिकाले वार्षिक बजेटमार्फत विनियोजन गरेको रकम।

(ग) अन्य वैधानिक स्रोतबाट प्राप्त रकम।

## परिच्छेद-३: सेवा, सुविधा र राहत सम्बन्धी व्यवस्था

**५. उपचार खर्च:**

कुनै कर्मचारी गम्भीर बिरामी भई अस्पताल भर्ना हुनुपरेमा वा जटिल शल्यक्रिया गर्नुपरेमा तोकेको मापदण्डका आधारमा औषधोपचार खर्च सहायता कोषबाट उपलब्ध गराइनेछ।

**६. दुर्घटना राहत तथा सहयोग:**

कार्यालयको कामको सिलसिलामा दुर्घटना भई मृत्यु भएमा वा पूर्ण अशक्त भएमा देहाय बमोजिमको राहत प्रदान गरिनेछ:

(क) **राहत रकम:** सम्बन्धित कर्मचारीको आश्रित परिवारलाई एकमुष्ट गाउँकार्यपालिका बाट निर्णय गरि रु. ५,००,०००/- (पाँच लाख) सम्म राहत उपलब्ध गराइनेछ।

(ख) **बालबच्चा शिक्षा भरण पोषण सहयोग:** दुर्घटनामा परी मृत्यु भएका कर्मचारीका बालबच्चाको भरण पोषण तथा शिक्षा दीक्षाका लागि गाउँकार्यपालिका बाट निर्णय, गरि रु. ५,००,०००/- (पाँच लाख) सम्मको रकम उपलब्ध गराइनेछ। उक्त रकम १८ बर्ष मुनिको बाल वच्चा भएमा मात्र तोकिएको रकम नावालक खाता खोली खातामा जम्मा गरिनेछ ।

(ग) **सेवा पश्चात प्राप्त गर्ने सुविधा** : साविक गाउँ विकास समिति वा जिल्ला विकास समितिमा कार्यरत रही हाल यसै गाउँपालिकामा कार्यरत रहेका स्थायी कर्मचारीहरुको उपदान र प्रचलित कानून बमोजिम पाउने सुविधा समेत यसै कोषबाट प्राप्त गर्न सकिनेछ।

पूर्ण बहादुर चितौरे
प्रमुख प्रशासकीय अधिकृत

(घ) राहत तथा वालबच्चा भरणपोषण सहयोग रकम योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्द नहुँदाको अवस्था सम्मको लागी मात्र लागू हुनेछ ।

**७. करार कर्मचारीको सामाजिक सुरक्षा कोषः**

(क) निस्दी गाउँपालिकामा कार्यरत करार कर्मचारीहरूलाई अनिवार्य रूपमा "योगदानमा आधारित सामाजिक सुरक्षा कोष" (SSF) मा आबद्ध गरिनेछ।

(ख) यस्तो कोषमा जम्मा हुने रोजगारदाताको हिस्सा गाउँपालिकाले व्यहोर्नेछ।

---

## परिच्छेद-४: विविध

८. दोहोरो सुविधा नहुनेः

क) सङ्घीय वा प्रदेश सरकारबाट सोही प्रकृतिको राहत वा क्षतिपूर्ति प्राप्त हुने भएमा यस कोषबाट दोहोरो सुविधा उपलब्ध गराइने छैन। तर, बीमाको हकमा भने यो लागु हुने छैन।

ख) प्रदेश सरकारले कानून बमोजिम अवकास कोष वनाई स्थायी कर्मचारीको लागि गाउँपालिकाले रकम जम्मा गर्न पर्ने व्यवस्था भएमा यस कोषको रकम जम्मा गर्न सकिनेछ ।

९. कार्यविधि संशोधनः

यस कार्यविधिमा कुनै संशोधन गर्नुपरेमा गाउँ कार्यपालिकाको निर्णयबाट गर्न सकिनेछ।

१०. बचाउः

यस कार्यविधिमा नलेखिएका कुराहरू प्रचलित स्थानीय सेवा ऐन, श्रम ऐन र अन्य प्रचलित कानून बमोजिम हुनेछन्।

प्रमाणीकरणः

यस कार्यविधि निस्दी गाउँ कार्यपालिकाको मिति २०८२।०९।२५ को निर्णय बमोजिम स्वीकृत भई लागू गरिएको छ।

..............................

प्रमुख प्रशासकीय अधिकृत

पूर्ण बहादुर चितौरे
प्रमुख प्रशासकीय अधिकृत